**Tribhuvan University Journal**
**Vol. 33, No. 1: 251-268, June, 2019**
**Centre for Research, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v33i1.28698**

# सुदूरपश्चिम प्रदेशको भाषिक स्थिति

*सुरेन्द्र कुमार बम*[1]

## लेखसार

सुदूरपश्चिम प्रदेशकोको भाषिक स्थितिमा केन्द्रित यस लेखको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशको भाषिक अवस्था पहिचान गर्नु रहेको छ। प्रादेशिक संरचना नेपालको नयाँ व्यवस्था भएकाले प्रदेशगत रूपमा भाषिक तथ्याङ्क पर्याप्त रूपमा उपलब्ध छैन। प्रस्तुत लेखमा शीर्षकसँग सम्बन्धित सैद्धान्तिक सामग्रीको अध्ययन गरी प्राप्त तथ्यको मिश्रित ढाँचामा व्याख्या विश्लेषण गरिएको छ। २०६८ सालको जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा बोलिने ८३ ओटा भाषा मध्ये नेपालीका अतिरिक्त एक दर्जन भाषाको मूल उत्पत्ति र प्रमुख प्रयोग क्षेत्र यसै प्रदेशमा भएका रैथाने भाषा रहेको पाइएको छ। वक्ता सङ्ख्याका आधारमा डोटेली सबैभन्दा ठूलो भाषा रहेको यस प्रदेशमा नेपाली दोस्रो, थारु तेस्रो, बैतडेली चौथो र अछामी पाँचौं स्थानमा रहेका छन्। नेपालमा बोलिने चारै परिवारका भाषा बोलिने यस प्रदेशमा ९८ प्रतिशतभन्दा बढीले भारोपेली परिवारका भाषा बोल्ने गरेको पाइन्छ। अधिकांश भाषा कथ्य रूपमा रहेको यस प्रदेशमा नेपालीका अतिरिक्त डोटेली र थारु भाषाको मात्र अलि बढी लेख्य परम्परा रहेको छ भने अरु केही भाषाको लेख्य परम्परा भर्खर सुरु भएको पाइन्छ। परम्परागत ज्ञानको खानी र इतिहासको धरोहरका रूपमा रहेका प्रदेशका समग्र भाषाहरूको संरक्षण, सम्बर्धन र विकासका लागि सम्बन्धित सबैको ध्यान जानु आवश्यक देखिन्छ।

**मूल शब्दावली :** भाषिक, भाषा परिवार, लेख्य परम्परा, रैथाने, प्रयोग स्थिति, कथ्य

## विषयप्रवेश

सुदूरपश्चिम संघीय नेपालका सात प्रदेश मध्येको एक प्रदेश हो । नेपालको संविधान २०७२ जारी हुनुअघि सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका रूपमा रहेको यो क्षेत्र २०७२ को संविधान जारी भएपछि प्रदेश नं. ७ हुँदै सुदूरपश्चिम प्रदेश भएको छ। उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत, पश्चिम र दक्षिणमा भारतका क्रमशः उत्तराखण्ड र उत्तर प्रदेश तथा पूर्वमा कर्णाली र ५ नम्बर प्रदेशको बीचमा अवस्थित हिमाल, पहाड र तराई

1 श्री बम जगन्नाथ बहुमुखी क्याम्पसमा नेपाली विषयका उपप्राध्यापक हुनुहुन्छ।

सहित १९५३९ वर्ग किलोमिटर क्षेत्रफल (विकिपेडिया, २०७५) मा फैलिएको सुदूरपश्चिम प्रदेश प्राकृतिक छटाले परिपूर्ण एवम् भौगोलिक, जैविक तथा भाषिक विविधताले युक्त छ। वि.सं. २०६८ सालको जनगणनाले सुदूरपश्चिममा ८३ भाषा रहेको देखाएको छ भने केही वक्ता (२७४० जना) को भाषा अज्ञात देखाएको छ । जनगणनाले सूचीकृत गरेका ८३ भाषा मध्ये नेपालीका अतिरिक्त डोटेली, थारु, बैतडेली, अछामी, बाजुरेली, दार्चुलेली, राजी, डडेल्धुराली, राउटे, ब्यासी र धुलेली गरी एक दर्शन भाषाको मूल उत्पत्ति यसै प्रदेशमा भएका रैथाने छन् भने बाँकि अन्य भाषा मूल रूपमा अन्त बोलिने र यहाँ पनि बोलिने भाषा रहेका छन् । जनगणनाले प्रत्येक जिल्लामा बोलिने संस्कृत, प्राकृत, अपभ्रशं हुँदै विकसित भएका बोलीलाई जिल्लागत भाषामा सूचीकृत गरेको छ तर डोट्याली भाषाको समाज भाषिक सर्वेक्षण (सन् २०१४) ले डोट्याली, बैतडेली, डडेल्धुराली, दार्चुलेली, बझाङीका बीच उच्च बोधगम्यता रहेकाले डोट्यालीलाई भाषा र अन्यलाई डोट्यालीका भाषिका मान्न सकिने देखाएको छ । प्रदेशगत रूपमा भाषिक गणना हालसम्म नभएकाले राष्ट्रिय जनगणनालाई नै आधार मानेर अध्ययन गर्नुपर्ने बाध्यता रहेको छ । नेपालको संविधान २०७२ ले प्रदेश तथा स्थानीय तहले नेपाली भाषाका अतिरिक्त बहुसङ्ख्यकले बोल्ने मातृभाषा सरकारी कामकाजमा प्रयोग गर्न सकिने र कानुन बमोजिम मातृभाषामा शिक्षा दिन सकिने व्यवस्था गरेको छ। प्रदेशले भाषा नीति तथा योजना बनाउँदा प्रदेशमा बोलिने भाषा र तिनको स्थितिगत सूचनालाई मनन गर्नुपर्ने देखिन्छ।

## समस्याकथन

प्रस्तुत अध्ययन सुदूरपश्चिम प्रदेशको भाषिक स्थितिसँग सम्बद्ध छ। अध्ययनका क्रममा सुदूरपश्चिममा बोलिने भाषा र तिनको भाषा परिवार एवम् सङ्ख्यात्मक स्थिति लगायत उक्त भाषाहरूको लेख्य परम्परा, प्रयोग स्थिति र अनुसन्धानको अवस्थालाई अध्ययनको समस्याका रूपमा लिइएको छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सुदूरपश्चिम प्रदेशमा बोलिने भाषाको स्थिति पहिचान गर्नु रहेको छ । सुदूरपश्चिममा बोलिने भाषा, तिनका वक्ता स्थिति, पारिवारिक सम्बन्ध, लेख्य परम्परा, प्रयोग स्थिति र अनुसन्धानको अवस्था पत्ता लगाउनु यस लेखका उद्देश्य रहेका छन् ।

## अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन सुदूरपश्चिम प्रदेशमा बोलिने भाषाहरूको अवस्थामा परिसीमित छ । यस अध्ययनमा वि.सं. २०६८ को जनगणना अनुसार सुदूरपश्चिममा बोलिने भाषाको वक्ता स्थिति र पारिवारिक स्थितिको विश्लेषण गरिएको छ । यस क्रममा सुदूरपश्चिममा मूल उत्पत्ति भएका तथा मुख्य रूपमा बोलिने रैथाने भाषाहरूको वक्ता, भाषापरिवार, प्रमुख भाषिक क्षेत्र, लेख्य परम्परा, प्रयोग स्थिति र अध्ययन अनुसन्धानको स्थितिको समीक्षा गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन मिश्रित (गुणात्मक र परिमाणात्मक) अनुसन्धान ढाँचामा आधारित रहेको छ । प्रस्तुत लेख तयारीका क्रममा पुस्तकालयीय अध्ययन प्रक्रियाका माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । यस लेखमा नेपालको भाषिक अवस्थासँग सम्बन्धित सैद्धान्तिक तथा व्याख्या विश्लेषण गरिएका पुस्तक, जर्नल, अध्ययन प्रतिवेदन, जनगणना र भाषा आयोगले प्रकाशन गरेका भाषिक तथ्याङ्कलाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । यस लेखमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी तथ्याङ्कीय समीक्षा गरिएको छ ।

## भाषिक तथ्याङ्कमा सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश संघीय नेपालका सात प्रदेश मध्येको एक हो । एकात्मक व्यवस्थामा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका रूपमा रहेको यस क्षेत्रलाई संघीय संरचनामा सुदूरपश्चिम प्रदेश नामाकरण गरिएको छ । यस प्रदेश अन्तर्गत सेती अञ्चलका बझाङ, बाजुरा, अछाम, डोटी, कैलाली र महाकाली अञ्चलका कन्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्ला रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार नेपालमा बोलिने १२३ भाषा मध्ये सुदूरपश्चिम प्रदेशमा ८३ वटा भाषा बोलिन्छन् । यसरी सुदूरपश्चिम पनि बहुभाषिक प्रदेशका रूपमा रहेको छ । तर नेपालमा मातृभाषाका रूपमा बोलिने भाषाहरूको सङ्ख्या, बोलिने स्थान, वक्ताहरू र भाषिक जीवन्तताका बारेमा एकमुष्ट र निर्विवाद जानकारी अझैं प्राप्त हुन सकेको अवस्था छैन (रेग्मी, सन् २०१७, पृ.२२८) । नेपालमा एकमुष्ट शुद्ध भाषिक सर्वेक्षण हालसम्म हुन सकेको छैन । भाषिक सर्वेक्षणका अभावमा राष्ट्रिय जनगणनालाई आधार मानेर भाषिक अवस्थाको अध्ययन गर्नुपर्ने अवस्था छ । यस्तो अध्ययन मूलतः कामचलाउ हो भन्ने बुझ्नु उचित हुन्छ (लामिछाने, २०७१, पृ.१) । यसरी सुदूरपश्चिम प्रदेशको पनि छुट्टै भाषिक सर्वेक्षण नभएकाले यहाँ २०६८ सालको जनगणनामा उल्लेख भएको भाषिक तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका १ :** सुदूरपश्चिम प्रदेशको भाषिक तथ्याङ्क

| क.सं. | भाषा | वक्ता |
|---|---|---|
| १. | डोटेली | ७७७२४७ |
| २. | नेपाली | ७७०३२२ |
| ३. | थारु | ४३४३०४ |
| ४. | बैतडेली | २७१८३८ |
| ५. | अछामी | १४२५१६ |
| ६. | बझाडी | ६७४४० |
| ७. | मगर | २३२४६ |
| ८. | बाजुरेली | १०६८५ |
| ९. | मैथिली | ८८९५ |
| १०. | हिन्दी | ८२९४ |
| ११. | तामाङ | ७९८६ |
| १२. | दार्चुलेली | ५९१२ |
| १३. | दैलेखी | ३०८८ |
| १४. | खाम | २६६१ |
| १५. | उर्दू | २०१६ |
| १६. | राजी | १९८३ |
| १७. | नेवार | १५६४ |
| १८. | भोजपुरी | १४२१ |
| १९. | गुरुङ | ११५१ |
| २०. | शेर्पा | ९८२ |
| २१. | जुम्ली | ८१० |
| २२. | लाप्चा | ६४२ |
| २३. | सांकेतिक | ५४२ |
| २४. | डडेल्धुराली | ४८८ |
| २५. | खाम्ची | ३९१ |
| २६. | ब्यासी | ३५८ |
| २७. | धुलेली | ३४७ |
| २८. | बोटे | २९२ |
| २९. | राई | २७१ |
| ३०. | बङ्गला | १८४ |
| ३१. | अवधि | १७३ |
| ३२. | सुरेल | १७२ |
| ३३. | लिम्बु | १४३ |
| ३४. | खस | १३२ |
| ३५. | उराउ | १२१ |
| ३६. | पञ्जावी | १२१ |
| ३७. | राजस्थानी | १०८ |
| ३८. | चिनिया | ९२ |
| ३९. | सोनाहा | ७६ |
| ४०. | माझी | ७३ |
| ४१. | थकाली | ७१ |
| ४२. | सन्थाली | ६९ |
| ४३. | चाम्लिङ | ५८ |
| ४४. | जोङ्खा | ४९ |
| ४५. | भुजेल | ३८ |
| ४६. | मेचे | ३७ |
| ४७. | छन्त्याल | ३५ |
| ४८. | बराम | ३४ |
| ४९. | गडवाली | ३१ |
| ५०. | राजबंशी | २९ |
| ५१. | अंग्रेजी | २७ |
| ५२. | पहरी | २३ |
| ५३. | याक्खा | २२ |
| ५४. | सुनुवार | २० |
| ५५. | असामी | २० |
| ५६. | तिब्बती | १४ |
| ५७. | बज्जिका | १३ |
| ५८. | दनुवार | १३ |
| ५९. | मगधी | ८ |
| ६०. | ताजपुरिया | ८ |
| ६१. | बान्तवा | ७ |
| ६२. | थामी | ७ |
| ६३. | थुलुङ | ७ |
| ६४. | साम्पाङ | ६ |
| ६५. | बाल्हि | ६ |
| ६६. | खालिङ | ४ |
| ६७. | याम्फु | ४ |
| ६८. | ल्होमी | ४ |
| ६९. | जिरेल | ३ |
| ७०. | ह्याल्पो | ३ |
| ७१. | घले | ३ |
| ७२. | दरै | २ |
| ७३. | खरिया | २ |
| ७४. | ओरिया | २ |
| ७५. | आठपहरिया | २ |
| ७६. | बेल्हारे | २ |
| ७७. | धिमाल | १ |
| ७८. | दुमी | १ |
| ७९. | लाहोरुङ | १ |
| ८०. | मेवाहाङ | १ |
| ८१. | संस्कृत | १ |
| ८२. | किसान | १ |
| ८३. | कुर्माली | १ |
| ८४. | अन्य | १७७४ |
| ८५. | नखुलेको | ९६६ |
| | जम्मा | २५५२५१७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिका १ का तथ्यलाई केलाउँदा सुदूरपश्चिम प्रदेशमा ८३ भाषाका वक्ता सङ्ख्या स्पष्ट रहेका छन् भने अन्य र नखुलेका गरी २७४० जनाको भाषा अज्ञात रहेको छ । यस प्रदेशमा सबैभन्दा बढी वक्ता भएको ठूलो भाषा डोटेली (३०.४५ प्रतिशत) रहेको छ भने त्यसपछि क्रमशः नेपाली (३०.१७ प्रतिशत), थारु (१७.०१ प्रतिशत), बैतडेली (१०.६४ प्रतिशत), अछामी (५.५८ प्रतिशत), बझाङी (२.६४ प्रतिशत) आदि रहेका छन् । थारु भाषाबाहेक अरु सबै एक प्रतिशतभन्दा बढी वक्ता भएका भाषामा नेपाली र यसअघि यसकै भाषिकाका रूपमा रहेका नयाँ भाषाहरू रहेका छन् ।

## वक्ता सङ्ख्याका आधारमा सुदूरपश्चिमका भाषा

वि.सं. २०६८ को जनगणना अनुसार जम्मा २५५२५१७ जनसङ्ख्या रहेको सुदूरपश्चिममा ८३ वटा भाषा बोलिन्छन् । तिनमा एक प्रतिशतभन्दा बढीले बोल्ने भाषा क्रमशः डोटेली, नेपाली, थारु, बैतडेली, अछामी र बझाङी गरी ६ वटा रहेका छन् । यी मुख्य भाषाका करिब ९७ प्रतिशत वक्ता रहेका देखिन्छन् । नेपालमा बोलिने एक लाखभन्दा बढी वक्ता भएका भाषाहरूलाई मुख्य भाषाको कोटिमा राखिएको छ (यादव, २०७४) । यस आधारमा सुदूरपश्चिम प्रदेशका भाषाहरूको स्थिति निम्नानुसार रहेको छ :

**तालिका २ :** वक्ता सङ्ख्याका आधारमा भाषा

**क) १ लाखभन्दा बढी वक्ता भएका भाषा :** नेपालका सन्दर्भमा एकलाखभन्दा बढी वक्ता भाषालाई मुख्य भाषा मानिएको छ । सुदूरपश्चिम प्रदेशमा एक लाखभन्दा बढी वक्ता भएका भाषामा डोटेली, नेपाली, थारु, बैतडेली र अछामी गरी पाँचवटा भाषा रहेका छन् । यिनीहरूको वक्ता स्थिति निम्नानुसार रहेको छ :

| भाषा | वक्ता | प्रतिशत |
|---|---|---|
| डोटेली | ७७७२४७ | ३०.४५ |
| नेपाली | ७७०३२२ | ३०.१७ |
| थारु | ४३४३०४ | १७.०१ |
| बैतडेली | २७१८३८ | १०.६४ |
| अछामी | १४२५१६ | ५.५८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८*

**ख) १० हजारभन्दा बढी वक्ता भएका भाषा :** १० हजारदेखि ९९९९९ सम्म वक्ता भएका भाषाहरूलाई सशक्त भाषा मान्न सकिन्छ । सुदूरपश्चिम प्रदेशमा १० हजारदेखि

९९९९ सम्म वक्ता भएका भाषामा बझाङी, मगर र बाजुरेली गरी तीनवटा भाषा रहेका छन् । यी भाषाको वक्ता स्थिति निम्नानुसार रहेको छ :

| भाषा | वक्ता | प्रतिशत |
|---|---|---|
| बझाङी | ६७४४० | २.६४ |
| मगर | २३२४६ | ०.९१ |
| बाजुरेली | १०६८५ | ०.४१ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८*

ग) **१ हजारभन्दा बढी वक्ता भएका भाषा :** १ हजारदेखि ९९९९ सम्म वक्ता भएका भाषालाई अल्पसङ्ख्यक भाषा मान्न सकिन्छ । सुदूरपश्चिम प्रदेशमा १ हजारदेखि ९९९९ सम्म वक्ता भएका भाषामा निम्न ११ भाषा रहेका छन् ।

| भाषा | वक्ता | प्रतिशत |
|---|---|---|
| मैथिली | ८८९५ | ०.३४ |
| हिन्दी | ८२९४ | ०.३२ |
| तामाङ | ७९८६ | ०.३१ |
| दार्चुलेली | ५९१२ | ०.२३ |
| दैलेखी | ३०८८ | ०.१२ |
| खाम | २६६१ | ०.१० |
| उर्दू | २०१६ | ०.०७ |
| राजी | १९८३ | ०.०७ |
| नेवार | १५६४ | ०.०६ |
| भोजपुरी | १४२१ | ०.०५ |
| गुरुङ | ११५१ | ०.०४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना, २०६८*

घ) **१ सयभन्दा बढी वक्ता भएका भाषा :** १ सयदेखि ९९९ सम्म वक्ता भएका भाषालाई स्वल्पसङ्ख्यक भाषा मान्न सकिन्छ। वि.सं. २०६८ को जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा १ सयदेखि ९९९ सम्म वक्ता भएका निम्न १८ वटा भाषा रहेका छन् :

शेर्पा, जुम्ली, लाप्चा, सांकेतिक, डडेल्धुराली, खाम्ची (राउटे), ब्यासी, धुलेली, बोटे, राई, बंगला, अवधि, सुरेल, लिम्बू, खस, उराउ, पञ्जावी, राजस्थानी ।

ङ) **१ सयभन्दा कम वक्ता भएका भाषा :** १ सयभन्दा कम वक्ता भएका भाषालाई अति स्वल्पसङ्ख्यक भाषा मान्न सकिन्छ । वि.सं. २०६८ को जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा १ सयभन्दा कम वक्ता भएका सबैभन्दा बढी निम्न ४६ वटा भाषा रहेका छन् :

चिनिया, सोनाहा, माझी, थकाली, सन्थाली, चाम्लिङ, जोङ्खा, भुजेल, मेचे, छन्त्याल, बराम, गडवाली, राजबंशी, अंग्रेजी, पहरी, याक्खा, सुनुवार, असामी, तिब्बती, बज्जिका, दनुवार, मगधी, ताजपुरिया, बान्तवा, थामी, थुलुङ, साम्पाङ, बाल्ही, खालिङ, याम्फु, ल्होमी, जिरेल, ह्योल्पो, घले, दरै, खरिया, ओरिया, आठपहरिया, बेल्हारे, धिमाल, दुमी, लोहोरुङ, मेवाहाङ, संस्कृत, किसान, कुर्माली ।

**च) अन्य र स्रोत नखुलेका वक्ता २७४० (०.१० प्रतिशत)**

वि.सं. २०६८ को जनगणना अनुसार सुदूरपश्चिम प्रदेशमा अन्य र स्रोत नखुलेका वक्ता २७४० रहेका छन् । यिनीहरूको भाषा पहिचान गर्नु आवश्यक देखिन्छ ।

यसरी सुदूरपश्चिम प्रदेशको भाषिक तथ्याङ्क हेर्दा यस प्रदेशका हकमा माथिको तालिका २ को 'क' र 'ख' मा रहेका भाषालाई प्रमुख भाषा, 'ग' मा रहेका भाषालाई अल्पसङ्ख्यक भाषा, 'घ' र 'ङ' मा रहेका भाषालाई स्वल्पसङ्ख्यक भाषा मान्न सकिन्छ । सुदूरपश्चिम प्रदेशमा बोलिने प्रमुख आठ भाषाका करिव ९८ प्रतिशत वक्ता रहेका छन् भने बाँकि ७५ भाषा र स्रोत नखुलेका भाषाका २ प्रतिशत वक्ता मात्र रहेका छन् ।

## सुदूरपश्चिमको हिमाल, पहाड र तराईंको भाषिक अवस्था

सुदूरपश्चिम प्रदेश हिमाल, पहाड र तराईं भएको सुन्दर प्रदेश हो । हिमाली क्षेत्रमा नेपाली, पहाडी क्षेत्रमा डोट्याली र तराईं क्षेत्रमा थारु भाषा मुख्य रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार भौगोलिक आधारमा सुदूरपश्चिमका प्रमुख पाँच भाषाको स्थिति तालिका ३ मा देखाइएको छ ।

**तालिका ३ :** भौगोलिक स्थिति अनुसार सुदूरपश्चिमका प्रमुख भाषा

| भौगोलिक क्षेत्र | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं |
|---|---|---|---|---|---|
| हिमाल | नेपाली | डोटेली | बझाडी | शेर्पा | लाप्चा |
| ४६३३४५ | २८४३५० | १२८८८० | ४५८८३ | ७७६ | ६४२ |
| पहाड | डोटेली | बैतडेली | नेपाली | अछामी | मगर |
| ८६२२१५ | ३२४३४८ | २४५५१२ | १९७४२४ | ४४८१८ | ४७१४ |
| तराईं | थारु | डोटेली | नेपाली | अछामी | बैतडेली |
| १२२६९५७ | ४३३६१० | ३२४०१९ | २८८५४६ | ५८७०० | २६२६३ |

*स्रोत : लामिछाने, २०७१*

तालिका ३ मा देखाइए अनुसार वक्ता सङ्ख्याका आधारमा सुदूरपश्चिमको हिमालमा नेपाली, डोटेली, बझाङी, शेर्पा र लाप्चा भाषा क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ स्थानमा रहेका छन् । पहाडमा डोटेली, बैतडेली, नेपाली, अछामी र मगर तथा तराईमा थारु, डोटेली, नेपाली, अछामी, बैतडेली भाषा क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौँ स्थानमा रहेका छन् ।

## सुदूरपश्चिमका भाषाको पारिवारिक स्थिति

सुदूरपश्चिम प्रदेशमा नेपालमा बोलिने भारोपेली, भोटबर्मेली, आग्नेली र द्रविड चार परिवारका भाषा बोलिन्छन् । सुदूरपश्चिम प्रदेशमा नेपालमा बोलिने भाषाहरू भाषा परिवारका आधारमा निम्नानुसार रहेका छन् :

**तालिका ४ :** सुदूरपश्चिमका भाषाको पारिवारिक स्थिति

| क्र.स. | भाषापरिवार | भाषाहरू |
|---|---|---|
| १. | भारोपेली | डोटेली, नेपाली, थारु, बैतडेली, अछामी, बझाङी, बाजुरेली, मैथिली, हिन्दी, दार्चुलेली, दैलेखी, उर्दू, भोजपुरी, डडेल्धुराली, जुम्ली, अवधि, बंगला, खस, पञ्जावी, राजस्थानी, गडवाली, सोनाहा, माझी, बोटे, दनुवार, ताजपुरिया, राजबंशी, अंग्रेजी, मगधी, बज्जिका, संस्कृत, किसान, असामी आदि । |
| २. | भोटबर्मेली | मगर, तामाङ, खाम, राजी, नेवार, गुरुङ, शेर्पा, लाप्चा, खाम्ची (राउटे), ब्यासी, धुलेली, राई, लिम्बू, चिनिया, थकाली, चाम्लिङ, भुजेल, मेचे, छन्त्याल, बराम, पहरी, याक्खा, सुनुवार, तिब्बती, बान्तवा, थामी, थुलुङ, साम्पाङ, खालिङ, जिरेल, घले, दरै, दुमी, धिमाल, जोङ्खा, लोहोरुङ, मेवाहाङ आदि । |
| ३. | आग्नेली | सन्थाल र खरिया |
| ४. | द्रबिड | उराँउ/उराँव (झाँगड) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना, २०६८*

तालिका ४ मा देखाइए अनुसार सुदूरपश्चिममा चार भाषापरिवारका भाषाहरू रहेका छन् । यस प्रदेशमा भारोपेली परिवारका वक्ता अत्यधिक रहेका छन् भने भाषा सङ्ख्या भोट बर्मेली परिवारका अधिक रहेका रहेका छन् । भारोपेली परिवारका करिव तीन दर्जन भाषा र ९८ प्रतिशतभन्दा बढी वक्ता रहेका छन् । भोटबर्मेली परिवारका ४० भन्दा बढी भाषा र करिव

२ प्रतिशत वक्ता तथा द्रविड भाषा परिवारको उराँउ भाषाका वक्ता १२१ जना तथा आग्नेली भाषा परिवारका सन्थालका ६९ जना र खरियाका २ जना रहेका छन् ।

## सुदूरपश्चिम प्रदेशमा बोलिने रैथाने भाषा र प्रमुख भाषिक क्षेत्र

नेपाली बृहत् शब्दकोश (२०६७) ले रैथाने शब्दलाई कुनै ठाँउको पहिलेदेखिको वा पुरानो बासिन्दा, आदिवासी, स्थानपति, क्षेत्रपाल भनेर परिभाषित गरेको छ। कुनैपनि ठाँउको मूल वासिन्दा, जाति, जात तथा प्राचीन कालदेखि रहेका मौलिक भाषा, कला, संस्कृति, व्यक्ति, वस्तुका गुण, विशेषतालाई रैथाने भन्न सकिन्छ। छोटकरीमा भन्दा स्थान विशेषको मूल भाषालाई रैथाने भाषा मान्न सकिन्छ । नेपाली भाषा र डोटेली भाषाको सम्बन्धका बारेमा निर्विवाद तथ्य फेला परेको पाइदैन । नेपाली भाषालाई पर्वते नाम दिदै यसका डोटेली, जुम्ली र पूर्वेली भाषिका (अधिकारी, २०५६, पृ ७४) रहेको उल्लेख गरेका छन् । डोटेली भाषा नेपाली भाषा जत्तिकै पुरानो रहेको पाइन्छ। सिंजा साम्राज्यको विघटनपूर्व नै डोटेली आदि भाषिकाहरू बीज रूपमा विकसित भएको हुनु पनि सम्भव छ (पोखरेल, २०५५, पृ.२७) । पोखरेलको यस भनाइले डोटेली भाषा र नेपाली भाषाको विकास सँगसँगै भएको हुन सक्ने संकेत गरेको छ । डोटेली, बझाडी, बैतडेली आदि भाषाको उद्‌भव र विकास नेपाली भाषाको भन्दा भिन्न नरहेको कुरा दुवै भाषा भारोपेली परिवारको वाल्हीकी शाखाको खस अपभ्रंशको पूर्वी पहाडी (सिंजाली) भाषाबाट विकसित भएबाट पुष्टि हुन्छ ( पण्डित, २०७४) । यसरी डोटेली र नेपाली भाषाको उद्‌भव र विकास सँगसँगै भएपनि गोर्खाली भेदबाट व्यापक भई मानक रूपमा विकसित नेपाली भाषालाई मूल भाषा मानेर अधिकांश नेपाली विद्वानहरूले डोटेलीलाई  नेपालीको भाषिका मानेको पाइन्छ तर सुदूरपश्चिमका अग्रणी लेखकहरू आर.डी प्रभास 'चटौत', वीर बहादुर चन्द, पञ्चमराज भट्‌ट आदि तथा इतिहासकार भोजराज भट्‌टराईले डोट्याली भाषालाई स्वतन्त्र भाषा मानेका छन् । केही वर्षअघि देखि महाकाली साहित्य सङ्गम लगायतका संस्था, प्याउली, गुगुल्डि, घुगुति, रामराज्य जस्ता पत्रपत्रिकाहरूले डोट्याली भाषालाई स्वतन्त्र भाषाको मान्यताको कुरा अभियानकै रूपमा उठाइरहेका छन् (भट्‌ट, २०६७) । डोटेली भाषा भन्नाले डोटी क्षेत्रमा बोलिने दार्चुलेली, दुहुँली, मार्माली, लेकमाली, सोराडी, पुर्चौडेली, च्वाँगडी, डडेल्धुरी, दानकोटेली, निरोली आदि भाषिक रूपको समुच्चयलाई चिनिन्छ (जोशी, २०६८क) । डोटेली नेपाली भाषाको भाषिका नभई दुवै संस्कृत, प्राकृत, अपभ्रंश हुँदै विकसित भएका भगिनी भाषा हुन् (जोशी, २०६८ख) । यी दुवै प्राचीन खस कुराका भेद भएकाले यिनका बीच प्राचीन र घनिष्ट सम्बन्ध रहेको देखिन्छ । सुदूरपश्चिम प्राचीन खसान क्षेत्रको एक अङ्ग भएकाले नेपाली पनि यस क्षेत्रको रैथाने भाषा अन्तर्गत पर्दछ । एथ्नोलग (२०१२) ले सुदूरपश्चिममा बोलिने भाषाहरूलाई यसरी देखाएको छ :




स्रोत : एथ्नोलग २०१२

नक्सामा सुदूरपश्चिममा डोटेली, ब्यासी, राउटे, सोनाहा, राजी, राना थारु, डगौरा थारु, कठरिया थारु भाषा देखाइएको छ ।  राष्ट्रिय जनगणना (२०६८) मा एउटै थारु भाषा उल्लेख छ भने एथ्नोलग (२०१२) मा विभिन्न थारु भाषा देखाइएको छ जसमध्ये सुदूरपश्चिममा राना थारु, डगौरा थारु, कठरिया थारु भाषा देखाइएको छ । समाज भाषावैज्ञानिक सर्भेक्षण (२०१२) ले पनि राना थारु, डगौरा थारु, कठरिया थारु भाषा भिन्न रहेको देखाएको छ । भाषा आयोगले हालै राना थारु, नार फु, चुम, नुब्रि, पोइके र सेराके गरी छवटा नयाँ पहिचान गरेको छ (हमाल, २०७६) जसमा राना थारु कन्चनपुर समेत रहेको छ ।  यसको विस्तृत अध्ययन गरेर पुष्टि हुनु जरुरी देखिन्छ ।

वि.सं. २०६८ को जनगणनामा उल्लेखित नेपालीका अतिरिक्त सुदूरपश्चिमका रैथाने भाषाहरूमा डोटेली, थारु, बैतडेली, अछामी, बझाङी, बाजुरेली, दार्चुलेली, राजी, डडेल्धुराली, राउटे, ब्यासी र धुलेली रहेका छन् । यिनका अतिरिक्त सुदूरपश्चिम प्रदेशमा राना थारु भाषा पनि ठूलो जनसङ्ख्याले बोल्ने यहाँको रैथाने भाषा हो तर जनगणनामा छुटेको देखिन्छ । नेपालमा स्वतन्त्र भाषाका रूपमा बोलिने राना थारु जस्ता भाषाहरू जनगणनामा छुट्नु यसको कमजोर पक्ष हो (रेग्मी, सन् २०१७) । जनगणनामा उल्लेखित सुदूरपश्चिम प्रदेशमा बोलिने रैथाने भाषा,  तिनको भाषापरिवार, प्रमुख भाषिक क्षेत्र र वक्तालाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका ५ :** सुदूरपश्चिमका रैथाने भाषा

| क्र.सं | भाषा | भाषापरिवार | वक्ता सङ्ख्या | प्रतिशत | प्रमुख भाषिक क्षेत्र |
|---|---|---|---|---|---|
| १. | डोटेली | भारोपेली | ७७७२४७ | ३०.४५ | डोटी, डडेल्धुरा सहित प्रदेश भरी |
| २. | थारु | भारोपेली | ४३४३०४ | १७.०१ | कैलाली, कञ्चनपुर |
| ३. | बैतडेली | भारोपेली | २७१८३८ | १०.६४ | बैतडी, कञ्चनपुर,दार्चुला, बझाङ |
| ४. | अछामी | भारोपेली | १४२५१६ | ५.५८ | अछाम, कैलाली |
| ५. | बझाडी | भारोपेली | ६७४४० | २.६४ | बझाङ, कैलाली |
| ६. | बाजुरेली | भारोपेली | १०६८५ | ०.४१ | बाजुरा |
| ७ | दार्चुलेली | भारोपेली | ५९१२ | ०.२३ | दार्चुला |
| ८. | राजी | भोट वर्मेली | १९८३ | ०.०७ | डोटी, कैलाली |
| ९. | डडेल्धुराली | भारोपेली | ४८८ | ०.०१९ | डडेल्धुरा |
| १०. | खाम्ची (राउटे) | भोट वर्मेली | ३९१ | ०.०१५ | डडेल्धुरा |
| ११. | ब्यासी | भोट वर्मेली | ३५८ | ०.०१४ | दार्चुला |
| १२. | धुलेली | भोट वर्मेली | ३४७ | ०.०१३ | बझाङ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना, २०६८*

माथिको तालिका ५ मा देखाइएका डोटेली, थारु, बैतडेली, अछामी, बझाडी, बाजुरेली, दार्चुलेली, राजी, डडेल्धुराली, राउटे, ब्यासी र धुलेली भाषाका सुदूरपश्चिममा ६८ प्रतिशत वक्ता रहेका छन् । यिनमा आठवटा भाषा भारोपेली र चार भाषा भोटबर्मेली परिवारका रहेका छन् । डोटेली भाषा मूलतः डोटी, डडेल्धुरा लगायत प्रदेशभरि बोलिन्छ भने थारु भाषा मुख्य रूपमा कैलाली र कन्चनपुर जिल्लामा, बैतडेली, अछामी, बझाडी, बाजुरेली, दार्चुलेली, डडेल्धुराली तत्जिल्लामा बोलिन्छन् । अन्य भाषामा मुख्य गरी राजी भाषा कैलाली, राउटे भाषा डडेल्धुरा, ब्यासी भाषा दार्चुला र धुलेली भाषा बझाङ जिल्लामा बोलिन्छ । यिनमा राउटेहरूको बसोबास अस्थायी किसिमको देखिन्छ । भ्रमणकारी जाति

भएकाले राउटेहरूको बसोबास निश्चित भूगोलमा भएको पाइदैन (भण्डारी, २०७१) । आजभोलि राउटेहरूलाई स्थायी रूपमा बस्न सरकारले सहयोग गर्न थालेको छ र राउटेहरू पनि एकै ठाँउमा बस्न थालेका छन् । करिव ५०० जति राउटेहरू महाकाली अञ्चलको डडेल्धुरा जिल्लाका जोगबुढा र सिर्सा गा.वि.स.मा स्थायी रूपमा बसेको पाइन्छ (समाज भाषावैज्ञानिक सर्भेक्षण, २०१२) । राजी भाषाको मूल थलो कर्णाली र भेरी नदी आसपास हो । हाल राजी भाषी सबैभन्दा बढी कैलाली (२४७२), त्यसपछि सुर्खेत (११९८) र बर्दिया (७०४) मा रहेका छन् (ल्लीएक्ष, २०१५) । सुदूरपश्चिममा प्रदेशमा माथि उल्लेखित भाषाका अतिरिक्त तालिका १ मा उल्लेख गरिएका विभिन्न भाषाहरू पनि बोलिन्छन् तर ती मूल रूपमा अन्य प्रदेशमा बोलिने भाषा हुन् ।

## सुदूरपश्चिमका भाषाको लेख्य परम्परा र प्रयोग स्थिति

सुदूरपश्चिममा बोलिने अधिकांश भाषाहरू कथ्य रूपमा नै रहेका छन् । राष्ट्रभाषा नेपाली बाहेक यहाँ बोलिने कुनैपनि रैथाने भाषाको लेख्य परम्परा समृद्ध छैन । नेपाली भाषाकै भाषिका मानिएका डोटेली, बैतडेली, अछामी, बझाडी, बाजुरेली, दार्चुलेली, डडेल्धुरालीले २०६८ सालको जनगणनाबाट मात्र भाषाको मान्यता पाएको पाइन्छ । डोटेली भाषामा केही प्राथमिक कालीन लेख्य नमुना फेला परेका छन् । यस्ता नमुनामा वि.सं. १३३७ को अछाम जिल्लाको विनायकमा रहेको अक्षयमल्लको शिलालेख, वि.सं. १३६९ को डोटीका राजा निरयपालको ताम्रपत्र, वि.सं. १४२९ को बझाङमा रहेको हरिब्रह्मको ताम्रपत्र आदि रहेका छन् । डोटी र बैतडीतिरको भाषामा मध्यकालीन समयदेखिका केही लेख्य नमुना फेला परेका छन् । मध्यकालीन समयमा डोटी, बैतडीतिर बोलिने नेपाली भाषा कस्तो थियो यस कुरालाई बुझ्न वाणिविलास ज्योतिर्विद्ले सं. १७७३ मा लेखेको ‘ज्वरोत्पत्ति चिकित्सा’ नामक कितापले हामीलाई सघाउँछ (पोखरेल, २०५५, पृ.३०) । डोटेली भाषामा केही शब्दकोश, व्याकरण, पाठ्यपुस्तक, पत्रपत्रिका, साहित्यिक ग्रन्थ आदि लेखिएका छन् । गोरखापत्र दैनिकले पनि भित्री पृष्ठमा डोटेली भाषाका सामग्री प्रकाशन गर्न थालेको छ । महाकाली साहित्य सङ्गमले वि.सं.२०४७ देखि विभिन्न कार्यक्रम तथा आफ्नो मुखपत्र “सङ्गम” का माध्यमबाट डोटेली भाषाको उत्थानमा अग्रणी भूमिका खेलेको छ । अन्य भाषामा केही ग्रन्थको अनुवाद भएको छ भने केही पत्रपत्रिका प्रकाशन हुन थालेका छन् । नेपाली भाषासँग प्रशस्त बोधगम्यता भएकाले यी भाषाको लेख्य रूपमा नेपाली भाषाको प्रभाव धेरै रहेको छ । यस प्रदेशको अर्को महत्वपूर्ण भाषा थारु हो । जनगणनाले एउटै थारु भाषा मानेको छ भने समाज भाषावैज्ञानिक सर्भेक्षण (२०१२) ले विभिन्न थारु भाषा रहेको देखाएको छ । सुदूरपश्चिममा मुख्य रूपमा राना थारु, कठरिया थारु र डगौरा थारु भाषा रहेका छन् । थारु भाषामा भर्खर लेख्य परम्पराको थालनी भएको पाइन्छ । थारु भाषामा प्राथमिक तहका पाठ्यपुस्तक, शब्दकोश, सामान्य व्याकरण, पत्रपत्रिका प्रकाशन भएको पाइन्छ । चौधरी (२०६४) का अनुसार थारु भाषाको पहिलो पत्रिका ‘गोचाली’ (२०२८) हो ।

यसमा प्रतिबन्ध लागेपछि केही समयसम्म भूमिगत रूपमा प्रकाशनमा आयो र त्यसपछि क्रमशः थारु साहित्यको विकासमा गति आउन थाल्यो । हाल विभन्न ठाँउबाट पाँच दर्जनभन्दा बढी थारु पत्रिका, पाँच दर्जनभन्दा बढी पाठ्यपुस्तक, अन्य प्रकाशन, कथा, कविता, गीत, गजल, काव्य, उपन्यास, निबन्ध, नाटक आदि थारु भाषामा प्रकाशित भएका छन् । बैतडेली, ब्यासी भाषामा शब्दकोश निर्माण, बझाङी, अछामी, ब्यासी भाषामा व्याकरण निर्माण, ब्यासी भाषामा पाठ्पुस्तक निर्माण भएका छन् । अन्य भाषामा केही शब्द टिपोट, पाठको लेखन, लोकसाहित्यको छिटपुट प्रकाशन बाहेक खासै लेख्य परम्पराको विकास भएको पाइदैन । यस प्रदेशका भाषाहरूले देवनागरी लिपिलाई अवलम्बन गरेका छन् । भर्खर लेख्य परम्पराको थालनी भएकाले मानकीकरण हुन बाँकि नै छ ।

भाषिक जीवन्तताका दृष्टिले राजी भाषा बाहेक सबै रैथाने भाषाको स्थिति प्रवल रहेको छ (रेग्मी, सन् २०१६) । तीनवटै पुस्ताका मानिसले मौखिक रूपमा भाषा बोल्छन् । लेख्य परम्परा समृद्ध नभए पनि लामो समयदेखि मौखिक माध्यमबाट पिंढी दर पिंढी हस्तान्तरण हुँदै आएका लोकभाका, डेउडा, फाग, ठाडीभाका झुमारी आदि लोकसाहित्यको भण्डार प्रत्येक भाषामा पाइन्छ । केही विद्यालयमा थारु मातृभाषामा शिक्षा दिन थालिएको छ । डोटेली र ब्यासी भाषामा पनि सन्दर्भ सामग्री निर्माण भएपनि तिनको प्रभावकारी प्रयोग हुन सकेको छैन । भाषा प्रयोगका दृष्टिले सञ्चार क्षेत्र अग्रणी स्थानमा रहेको छ । प्रत्येक जिल्लामा खुलेका एफ एम रेडियोहरूले विभिन्न स्थानीय भाषामा समाचार तथा अन्य गतिविधि सञ्चालन गर्दै आएका छन् ।

नेपालको संविधान २०७२ ले प्रदेश तथा स्थानीय तहले नेपाली भाषाका अतिरिक्त बहुसङ्ख्यकले बोल्ने भाषालाई सरकारी कामकाजको भाषा बनाउन सक्ने व्यवस्था गरेको छ । सुदूरपश्चिम प्रदेशमा नेपालीका अतिरिक्त डोटेली र थारु भाषा प्रमुख भाषाका रूपमा रहेका छन् । तर स्तरीय लेख्य रूप र मानकीकरणको अभावमा तत्कालै सरकारी कामकाजका भाषा भइहाल्ने अवस्था देखिदैन । डोटेली भाषाका पनि जिल्ला अनुसारका थुप्रै स्थानीय भेद रहेका छन् भने थारु भाषाका पनि राना थारु, कठरिया थारु र डगौरा थारुका बीचमा भिन्नता रहेको पाइन्छ । यस प्रदेशका प्रमुख रैथाने भाषालाई सबल र मानक नबनाई सरकारी कामकाजको भाषा तोकिए पनि नेपाली भाषा नै प्रयोग हुने अवस्था आउने देखिन्छ । त्यसैले डोटेली र थारु भाषामा यथाशीघ्र साझा रूपको चयन गरी प्रयोग विस्तार र मानकीरणको प्रक्रिया थालनी गरिनु पर्दछ ।

## सुदूरपश्चिमका भाषामा अध्ययन अनुसन्धानको स्थिति

सुदूरपश्चिममा बोलिने भाषाहरूको अध्ययन अनुसन्धान कार्यमा बालकृष्ण पोखरेल, चूडामणि बन्धु, पूर्णप्रकाश नेपाल यात्री, योगी नरहरिनाथ, मोहन खनाल आदिको उल्लेख्य योगदान रहेको पाइन्छ । नेपालको इतिहासको अन्वेषणका क्रममा तथा नेपाली

भाषाका भाषिक भेदको खोजका क्रममा यहाँका स्थानीय भाषाको अध्ययन भएको पाइन्छ। त्यसैगरी आर.डी.प्रभास चटौत, आत्मराज ओझा, वीर बहादुर चन्द आदिको महत्वपूर्ण योगदान रहेको छ। चटौतको डोट्याली बृहत शब्दकोश (२०५८), ओझाका सुदूरपश्चिम प्रदेशको इतिहास लगायत भाषा, साहित्यका थुप्रै लेख रचना तथा चन्दका डोटेली भाषामा थुप्रै लेख रचना प्रकाशित भएका छन्।

नेपालका भाषाहरूको अध्ययनमा विश्वविद्यालयका स्नातकोत्तर तथा विद्यावारिधि कार्यक्रमको महत्वपूर्ण योगदान रहेको छ। विभिन्न विश्वविद्यालयबाट शैक्षिक प्रयोजनका लागि विभिन्न भाषामा थुप्रै अध्ययन गरिएको छ। यस्ता केही प्रतिनिधि अध्ययनमा चक्रपाणि खनालको डोटेली भाषिकाको वर्ण विश्लेषण (२०३६), खगराज जोशीको डोटेली भाषिकाका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन (२०५७), भरत शाहको कैलाली जिल्लामा बोलिने थारु भाषा र नेपाली भाषाको व्याकरणात्मक काटिको व्यतिरेकी अध्ययन (२०६७), दीर्घराज विनाडीको कठरिया थारु र स्तरीय नेपाली भाषाको व्यतिरेकी अध्ययन (२०७४), हरिप्रसाद पराजुलीको बैतडेली भाषिकाको ध्वन्यात्मक शब्द सङ्कलन (२०३६), सुरेन्द्र कुमार बमको बैतडेली भाषिका र स्तरीय नेपाली भाषिकाको व्यतिरेकी विश्लेषण (२०६२), चूडामणि पाण्डेयको बैतडेली भाषाको अध्ययन (२०७२), हर्क बहादुर शाहीको अछामी भाषाको अध्ययन (२०७०), गणेश बहादुर बोहराको बझाडी भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण (२०६२), लक्ष्मीराज पण्डितको बझाडी नेपालीको अध्ययन (२०६९), तारा कुमारी बडुको दार्चुलेली स्थानीय भाषिका र स्तरीय नेपाली भाषा बीचको तुलनात्मक अध्ययन (२०६१), मोहन प्रसाद भट्टको डडेल्धुराली भाषाको अध्ययन (२०७१), रुपक रौलेको बाजुरेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण (२०६२), महेन्द्रराज रावतको राउटे भाषाको अध्ययन (२०६८) आदि रहेका छन्। यस्ता अनुसन्धानहरू देशैभरका विभिन्न क्याम्पसहरूमा प्रशस्त भएका छन्।

नेपालका भाषाहरूको अध्ययनमा त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागको अग्रणी स्थान रहेको छ। वि.सं. २०६९ सालमा त्रिभुवन विश्वविद्यालयको भाषाविज्ञान विभागबाट सुदूरपश्चिममा बोलिने राना थारु, डगौरा थारु, सोनाहा, खोनाहा, ब्यासी, डोटेली, बझाडी, बाजुरेली, बैतडेली, अछामी, दार्चुलेली, राजी, राउटे र २०७४ सालमा धुलेली भाषाको समाज भाषावैज्ञानिक सर्वेक्षण भएको छ। यी मध्ये थारु, डोटेली, ब्यासी भाषामा संक्षिप्त शब्दकोश निर्माण, बझाडी, अछामी, ब्यासी भाषामा व्याकरण निर्माण गरिएको छ (रेग्मी, सन् २०१७)। डोट्याली भाषाको समाज भाषिक अध्ययन (सन् २०१४) गरिएको छ। डोटेली, राना थारु र ब्यासी भाषामा प्राथमिक तहका पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री समेत निर्माण गरिएको पाइन्छ। नेपालको संविधान २०७२ अनुसार गठित भाषा आयोगबाट सुदूरपश्चिमका विभिन्न अल्पसङ्ख्यक रैथाने भाषाहरूको अध्ययन भइरहेको छ। भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७५) मा उल्लेख गरे अनुसार सुदूरपश्चिमका

सोनाहा भाषाको शब्द सङ्कलन, राउटे र राजी भाषाको पाठ सङ्कलन र प्रदेशगत भाषिक तथ्याङ्क प्रकाशित गरिएको छ। सुदूरपश्चिमका ब्यासी, धुलेली, थारु आदि भाषाको अध्ययन भइरहेको छ। हालसम्मका अध्ययन कुनै एउटा भाषा तथा त्यसका खास पक्षसँग सम्बन्धित भएर गरिएका पाइन्छन् । सुदूरपश्चिमका समग्र भाषाहरूको एकीकृत अध्ययन नभएको देखिन्छ । जनगणना (२०६८) मा प्रत्येक जिल्लामा बोलिने नेपालीलाई जिल्लाको नामबाट भाषाको नामाकरण गरिएको छ, जुन सतही र त्रुटिपूर्ण देखिन्छ । त्यसैले राज्यले प्रदेशभित्र बोलिने भाषाहरूको स्वतन्त्र रूपमा विस्तृत भाषिक सर्वेक्षण गराई भाषाहरूको लगत राखेर भाषिक मार्गचित्र ँबिलनगबनभ एचयार्षभ) बनाउनु पर्ने र त्यसका आधारमा भाषाहरूको संरक्षण, सम्बर्धन र विकास सम्बन्धी स्पष्ट नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## सुझाव

प्रस्तुत लेखमा वि.सं. २०६८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क माथि आधारित भएर सुदूरपश्चिम प्रदेशको सामान्य भाषिक स्थितिको विश्लेषण गरिएकाले त्यसै आधारमा बुझिदिन अनुरोध छ । राष्ट्रिय जनगणनामा वक्ता सङ्ख्या तथा भाषा सङ्ख्या एकिन नभएको, मौलिक भाषाको गणना छुटेको तथा विदेशी भाषालाई मातृभाषाका रूपमा गणना गरेको जस्ता थुप्रै सीमा रहेकाले यथार्थ भाषिक विवरणका लागि प्रदेश स्तरमा विस्तृत भाषिक गणना गरी हरेक भाषाको लगत राख्नु पर्ने देखिन्छ । समाज भाषिक गणनामा थारु भाषाका राना थारु, कठरिया थारु, डगौरा थारु आदि विभिन्न भेदलाई भाषा मानेकाले यस बारेमा छुट्टै वर्णनात्मक तथा तुलनात्मक अध्ययन गरी निक्यौल गर्नु आवश्यक देखिन्छ । त्यसैगरी जिल्लागत रूपमा बोलिने बैतडेली, दार्चुलेली, डडेल्धुराली, डोटेली, अछामी, बझाडी, बाजुरेली भेदलाई समेत जनगणना (२०६८) ले भाषा मानेको छ तर यी सबै भाषावैज्ञानिक रूपमा भाषा हुन् कि होइनन् भनी पुष्टि नभएकाले यथाशीघ्र भाषावैज्ञानिक आधारमा भाषा र भाषिकाको निर्धारण गर्नु आवश्यक देखिन्छ । कुनै पनि भाषा राजनैतिक सीमा जस्तो जिल्लागत हुन सक्दैन । कथ्य बोलीमा काली कर्णालीका बीचमा बोलिने खस भाषामा स्थानगत केही भिन्नता रहेपनि मूलभूत रूपमा एउटै डोटेली भाषाभित्र समेट्नु युक्ति सङ्गत देखिन्छ । सुदूरपश्चिम प्रदेशमा बोलिने रैथाने भाषा कथ्य रूपमा जीवन्त रहेपनि अधिकांश भाषाको लेख्य रूप नभएकाले लेख्य रूपको विकास गरी भाषाको मानकीकरण तथा आधुनिकीकरण प्रक्रिया अगाडि बढाउनु पर्ने देखिन्छ । प्रदेशका मौलिक/रैथाने मातृभाषाको संरक्षण र सम्बर्धनका लागि मातृभाषालाई शिक्षा, सञ्चार, जीवनोपयोगी सीप, पेसा, व्यवसाय तथा प्रशासनको भाषासँग जोड्नु नितान्त आवश्यक देखिन्छ ।

## निष्कर्ष

नेपालका अन्य प्रदेशमा जस्तै सुदूरपश्चिम प्रदेशमा बहुभाषिकता तथा भाषिक विविधताको स्थिति रहेको छ । वि.सं. २०६८ को जनगणनाले सुदूरपश्चिममा भारोपेली, भोटवर्मेली, आग्नेली र द्रविड चार भाषापरिवारका ८३ भाषा बोलिने देखाए पनि आधाभन्दा बढी ४६ भाषाका वक्ता १०० भन्दा कम रहेका छन् । तिनमा अधिकांश भाषाका वक्ता वास्तवमा सुदूरपश्मिमा भेटाउन मुस्किल छ । सुदूरपश्चिममा ९८ प्रतिशतभन्दा बढी वक्ता भारोपेली भाषापरिवारका छन् । सुदूरपश्चिममा मूल रूपमा बोलिने यहाँका रैथाने भाषाहरूमा नेपालीका अतिरिक्त डोटेली, थारु, बैतडेली, अछामी, बझाङी, बाजुरेली, दार्चुलेली, राजी, डडेल्धुराली, राउटे, ब्यासी, धुलेली रहेका छन् । यहाँका प्रमुख भाषाका रूपमा देखिएका डोटेली, बैतडेली, अछामी, बझाङी, दार्चुलेली, बाजुरेली, डडेल्धुराली भाषा वा भाषिका के हुन भन्ने भाषावैज्ञानिक रूपमा पुष्टि हुन बाँकि नै देखिन्छ । भाषिक बोधगम्यता र डोटी राज्यको प्राचीन इतिहासलाई हेर्दा यिनलाई एउटै डोटेली मानक भाषाभित्र समेट्न सकिने देखिन्छ । यस प्रदेशको सबैभन्दा ठूलो भाषा डोटेली ३०.४५ प्रतिशत, नेपाली ३०.१७ प्रतिशत र थारु १७.०१ प्रतिशत जनङ्ख्याले बोल्दछन् । संवैधानिक व्यवस्था अनुसार प्रदेशको सरकारी कामकाजको भाषाका लागि नेपालीका अतिरिक्त डोटेली र थारु भाषा प्रमुख दावेदार रहेका छन् । तर यी दुवै भाषामा स्तरीय लेख्य परम्परा र मानकीकरणको अभाव छ । त्यसैले सरकारी कामकाजको भाषा बनाउनु अघि साझा लेख्य रूप निर्माण गरी मानकीकरण गर्नु आवश्यक छ । २०६८ को जनगणनामा नेपालमै नबोलिने विदेशी भाषालाई मातृभाषा मान्नु, नेपालकै मौलिक भाषाहरू गणनामा नपर्नु र भाषावैज्ञानिक आधार विना नेपालीका थुप्रै भाषिकाहरूलाई स्वतन्त्र भाषाको मान्यता दिनु आदि कमीकमजोरी रहेको पाइन्छ । सुदूरपश्चिममा बोलिने डोटेली, बैतडेली, डडेल्धुराली, दार्चुलेली भाषामा अत्याधिक बोधगम्यता रहेको पाइन्छ। यिनलाई एउटै साझा भाषाभित्र राख्न सकिने स्थिति देखिन्छ । त्यसैले राज्यले प्रदेशगत रूपमा स्वतन्त्र भाषिक गणना गरेर भाषिक लगत राख्नु पर्छ र भाषिक मार्गचित्र (Language Profile) निर्माण गर्नुपर्दछ । सुदूरपश्चिममा बोलिने अधिकांश भाषा कथ्य रूपमा सबल रहेकाले परम्परागत ज्ञान, सामाजिक, सांस्कृतिक तथा जातीय पहिचानका धरोहरका रूपमा रहेका यहाँका रैथाने भाषाको संरक्षण, सम्बर्धन र विकासका लागि अघि बढ्नु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, सूर्यमणि. (२०५६). *नेपाली भाषाको इतिहास.* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

आइकानटोफ, स्टेफनी आर. (सन् २०१४). *डोट्यालीको समाज भाषिक अध्ययन.* काठमाडौं : लिन्सुन ।

इपिली र अन्य. (२०१२). *एथ्नोलग : ल्याङ्ग्वेजेज अफ नेपाल.* काठमाडौं : भाषाविज्ञान केन्द्रीय विभाग र सिल इन्टरनेश्नल ।

केन्द्रीय तथ्याङ्क विभाग. (२०६९). *नेपालको राष्ट्रिय जनगणना २०६८.* काठमाडौ : केन्द्रीय तथ्याङ्क विभाग ।

चटौत, आर.डी.प्रभास. (२०५८). *डोट्याली बृहत् शब्दकोश.* काठमाडौँ : बेलु विश्वस्मृति प्रतिष्ठान ।

चौथरी, महेश. (२०६४). *थारु भाषाको वर्तमान साहित्यिक अवस्था र समस्या.* राष्ट्रिय साहित्य सङ्गोष्ठी- २०६४, काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

जोशी, खगेन्द्र. (२०६८क). *डोटेली भाषाको अवस्था र मानकीकरणको आवश्यकता.* सङ्गम, अङ्क ९, महेन्द्रनगर : महाकाली साहित्य सङ्गम ।

जोशी, खगेन्द्र. (२०६८ख). *नेपाली र डोटेलीको तुलनात्मक अध्ययन.* अन्वेषण, अङ्क १, महेन्द्रनगर : सिद्धनाथ बहुमुखी क्याम्पस ।

नेपाली नेश्नल ल्याङ्ग्वेजेज प्रिजरभेसन इन्सिच्युट. (२०१५). *अ र्‍यापिड एसेसमेन्ट रिपोर्ट ल्याङ्ग्वेजेज अफ नेपाल.* ललितपुर : अथर ।

पण्डित, लक्ष्मीराज. (२०७४). *बझाङी भाषाको परिचय.* काठमाडौं : जगदम्बा पब्लिकेसन ।

पोखरेल, बालकृष्ण. (२०५५). *राष्ट्रभाषा (दशम् संस्करण).* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (सम्पा). (२०६७). *नेपाली बृहत शब्दकोश.* काठमाडौ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भण्डारी, पारसमणि. (२०७१). *भोटबर्मेली परिवारका केही भाषाहरूको सर्वेक्षण.* सम्पदा, भाषा विशेषाङ्क, काठमाडौं : जनसांस्कृतिक महासंघ, भाषा तथा लोकसाहित्य मञ्च ।

भट्ट, पञ्चमराज. (२०६७). डोट्याली भाषा नेपालीको भाषिका होइन मानस भाषा हो. *फेरि नौलो पाइलो.* वर्ष १, अंक ४, महेन्द्रनगर : नौलो पाइलो परिवार ।

भाषा आयोग. (२०७५). *भाषा आयोगको वार्षिक प्रतिवेदन.* काठमाडौं : भाषा आयोग ।

यादव, योगेन्द्रप्रसाद. (२०७४). नेपालमा बोलिने भाषा : सङ्कट र सम्भावना. *साठी वर्षका भाषिक चर्चा.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

रेग्मी, दानराज. (सन् २०१७). नेपालमा भाषाहरूको स्थिति र भाषिक सर्वेक्षण : समीक्षात्मक विश्लेषण. *गिपन.* अंक ३-२, काठमाडौं : भाषाविज्ञान केन्द्रीय विभाग ।

रेग्मी, दानराज. (सन् २०१६). *सिचुएसन अफ ल्याग्वेयजेज इन फार वेस्टन रिजन अफ नेपाल.* वर्ल्ड एजुकेशन. काठमाडौंमा प्रस्तुत कार्यपत्र ।

लामिछाने, कपिलदेव. (२०७१). नेपालको भाषिक अवस्था. *प्रज्ञा.* अंक १, पूर्णङ्क ११०, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

लिन्सुन. (२०१२). *अ सोसियोलिङ्ग्विस्टिक सर्भे अफ फार वेस्टर्न डेभलपमेन्ट सिजन.* लिङ्ग्विस्टिक सर्भे अफ नेपाल, मिनिस्ट्रि अफ कल्चर, टुरिज्म एण्ड सिभिल एभिएसन, गभर्मेन्ट अफ नेपाल, सिंहदरवार काठमाडौं ।

सुदूरपश्चिम प्रदेश. (विकिपेडिया, २०७५, पुस ५). *अवतरित.* https://en.wikipedia.org/wiki/Sudurpashchim_Pradesh

हमाल, उषा. (२०७६). *भाषा आयोगका कार्य क्षेत्र.* भाषा विज्ञान समाज नेपालको चालीसौं वार्षिक सम्मेलन काठमाडौंमा प्रस्तुत गोष्ठी पत्र ।